# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा

बागमती प्रदेश, नेपाल


विषयः आ.व. २०८०/८१ का योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा प्रतिवेदन सम्बन्धमा।

*(प्रकाशित मितिः- २०८१/०७/२९)*

प्रस्तुत विषयमा यस जिरी नगरपालिकाले आ.व. २०८०/८१ मा कार्यान्वयन गरेका नगरका योजना तथा कार्यक्रमहरुका साथै संघीय ससर्त, संघीय समपूरक, प्रदेश ससर्त र प्रदेश समपूरक तर्फका योजना तथा कार्यक्रमहरुको प्रगति तथा खर्चका सम्बन्धमा मिति २०८१/०७/२९ मा जिरी नगर कार्यपालिकाको सभाहलमा **"आ.व. २०८०/०८१ का योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा कार्यक्रम"** आयोजना गरिएको थियो। कार्यक्रम नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, सम्बन्धित वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतसहित सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहरु र वडा सचिवहरुको सहभागितामा मुख्य रुपमा देहाय बमोजिमका विषयवस्तुहरुमा छलफल गरी यो प्रतिवेदन पारित गरीयो।

## १. २०८०/०८१ को बजेटः

आ.व. २०८०/०८१ मा यस नगरपालिकाले रु. ५६ करोड ११ लाख ३२ हजार २ सय ७२ बजेट विनियोजन गरेकोमा **७४.२० प्रतिशत** (रु. ४१ करोड ६३ लाख ९९ हजार ५ सय २५ रुपैंया ८१ पैसा) बजेट खर्च गरिएको छ। तर नगरमा प्राप्त आम्दानीलाई मात्र आधार मानेर हेर्ने हो भने सो खर्च **८२.५८ प्रतिशत** हुन आउँछ।

## २. पूँजीगत खर्च तर्फः

पूँजीगत खर्चतर्फ विनियोजित रु. १९ करोड २३ लाख १७ हजार ४ सय ४७ मध्ये **६२.७४ प्रतिशत** (रु. १२ करोड ६ लाख ६२ हजार ७ सय ९३ रुपैंया ३३ पैसा) बजेट खर्च भएको देखिएको छ।

## ३. चालू खर्च तर्फः

चालू खर्चतर्फ विनियोजित रु. ३६ करोड ८८ लाख १४ हजार ८ सय २५ मध्ये **८०.१८ प्रतिशत** (रु. २९ करोड ५७ लाख ३६ हजार ७ सय ३२ रुपैंया ४८ पैसा) बजेट खर्च भएको देखिन्छ।

## ४. आन्तरिक आम्दानी तर्फः

रु. ३ करोड ५५ लाख नगरको आन्तरिक आम्दानी हुने अनुमान गरिएकोमा **६३.२३ प्रतिशत** (रु. २ करोड २४ लाख ४९ हजार ९ सय २७ रुपैंया ३५ पैसा) आम्दानी भएको छ। *(हाइड्रोबाट प्राप्त सहयोग समेत समावेश गरिएको)*



Phone No. : 049-414002/3 Email : jirimunicipalityjiri@gmail.com Website: www.jirimun.gov.np

५. वित्तीय प्रगति तर्फः

| क्र.सं. | क्षेत्रगत बजेट | बजेट खर्च | कैफियत |
|---|---|---|---|
| १ | **आर्थिक विकास** (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र, जलस्रोत तथा सिंचाइ, बन, पशुपन्छी विकास) | ५७.८४ प्रतिशत | |
| २ | **सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण) | ८८.६५ प्रतिशत | |
| ३ | **पूर्वाधार विकास** (यातायात पूर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा, सम्पदा पूर्वाधार) | ५४.२१ प्रतिशत | |
| ४ | **सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र** (वातावरण तथा जलवायु, कानून तथा न्याय, तथ्यांक प्रणाली, अनुगमन तथा मूल्यांकन, प्रशासकीय सुशासन, वित्तीय सुशासन) | ७८.८१ प्रतिशत | |
| ५ | **कार्यालय संचालन तथा प्रशासनिक** | ७७.१२ प्रतिशत | |

६. मुख्य उपलब्धीहरुः

- नगरपालिकाको नगरगान र लोगो प्रतिस्पर्धाको आधारमा छनौट गरी प्रयोगमा ल्याइएको छ।
- कृषि, पर्यटन र पूर्वाधार क्षेत्रमा नीति तथा कार्यक्रमलाई प्राथमिकता दिइएकोले आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रमा आधारभूत उपलब्धी देखिन थालेका छन्।
- जिरी साना किसान कृषि सहकारी संस्था, जिरी-५ ले निर्माण र व्यवस्थापन गर्ने गरी यस नगरपालिकाको लागत साझेदारीमा प्राङ्गारिक मल कारखाना निर्माणको लागि बागमती प्रदेश सरकारसँग सम्झौता गरिएको छ।
- आ.व.को सुरुवातमा गाई, भैसीहरुमा फैलिएको लम्पी स्किन रोगको खोप सेवा उपलब्ध गराउनुका साथै अन्य आवश्यक औषधोपचारको व्यवस्था गरिएको छ।
- जिरी अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी लागू गरिएको तथा अस्पताल व्यवस्थापन समिति तर्फको आ.ब. २०७९/०८० सम्मको अन्तिम लेखापरीक्षण सम्पन्न गरिएको छ।
- जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ८ स्वर्ण, ४ रजत र ३ कास्य सहित जिरी नगरपालिकाले प्रथम स्थान हासिल गरेको छ।
- नगर भित्रका सामुदायिक विद्यालयको अनुगमन गरी सो को आधारमा विद्यार्थी संख्या अत्यन्त न्यून रहेका ५ वटा विद्यालयहरुको कक्षा घटाई विद्यार्थी चाप बढी भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गरिएको छ।

- मित्र राष्ट्र चीन सरकारको अनुदान सहयोगमा जिरी मा.वि. को सुविधा सम्पन्न विद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- लामो समयपछि नगरपालिकाको सहयोग र जिरी उद्योग वाणिज्य संघको आयोजनामा दोश्रो जिरी महोत्सव भव्यताका साथ सम्पन्न गरिएको छ।
- उपभोक्ता समितिबाट योजना कार्यान्वय गर्दा प्रकृयागत सहजताको लागि योजना सम्झौता देखि फरफारक सम्म आवश्यक पर्ने सबै कागजात समावेश गरी सहभागितामुलक योजना कार्यान्वयन किताब तयार गरी लागू गरिएको हुँदा उपभोक्तालाई योजना सम्झौता गर्न तथा भुक्तानी लिन सरल र सहज भएको छ।
- सेवा प्रवाह सरल र योजना कार्यान्वयनलाई समयमै सम्पन्न गर्न चालु आ.व. को योजना कार्यान्वयन कार्यतालिका स्वीकृत गरी २०८० फागुन मसान्त भित्र योजना सम्झौता र जेष्ठ मसान्त भित्र अन्तिम फरफारक गर्ने एउटा सफल र असल अभ्यास सुरु गरी असारे विकासको विकृतिलाई निरुत्साहित गरिएको छ।
- नगरको जोखिम संवेदनशिल भू-उपयोग योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- उपभोक्ताको सहजता र सेवा प्रवाहलाई नागरीकको नजिक पुऱ्याई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सबै वडाहरुमा योजना सम्झौता, सामान्य स्वास्थ्य परीक्षण, ज्येष्ठ नागरीक परिचय पत्र, स्वास्थ्य वीमा, अपाङ्गता परिचय पत्र वितरण लगायतका सेवालाई समेटी **एकिकृत घुम्ती सेवा शिविर** संचालन गरिएको छ।
- नगरपालिकाको काम कारवाहीलाई पारदर्शी, जवाफदेही बनाउन एवम् सेवा प्रवाह सम्बन्धमा नागरीक अभिमतबाट सेवा प्रवाहमा सुधार गरी सुशासन प्रवर्द्धन गर्न प्रत्येक चौमासिक अवधिको सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक परीक्षण गर्ने, प्रत्येक चौमासिक अवधिको आय व्ययको अवस्थाको कार्यपालिकामा समीक्षा गर्ने लगायतका कार्यहरूले सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याएको छ।
- रोजगार रणनीति, २०८० को निर्माण गरी लागू गरिएको छ।
- नगरबाट विभिन्न समयमा प्रदान गरिएका व्यवसायिक तालिमपश्चात आलु चिप्स उत्पादन तथा होजियारी कार्यक्रम मार्फत ४ जना व्यक्तिहरु स्वरोजगार बनेका छन्।
- प्रदेश सरकारको सहयोग र साझेदारीमा निर्मित ५०० मेट्रिक टन क्षमताको शीत भण्डार, रिक्रियशन हल, जिरी संग्रालय र खावा भ्यू टावर यथासक्य छिटो नगरपालिकालाई हस्तान्तरण गरी उद्देश्य अनुरुप नगरबासीको हितमा उपयोग गर्नका लागि सम्बन्धित निकाय एवं नेतृत्व समक्ष अनुरोध सहितको ताकेता गरिएको र यि संरचनाहरु उपयोगको लागि चाँडै नै सञ्चालनमा आउने विश्वास लिइएको छ।

७. <u>योजना/कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु:</u>

- दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति नहुनु,
- कर्मचारी टिकाउ दर न्यून हुनु,
- अन्तर निकायहरुबीच समन्वय न्यून हुनु,
- उपभोक्ता सचेतनाको कमी,
- आन्तरिक स्रोत-साधनको न्यूनता,
- बजेट निकाशा प्रयाप्त र समयमै नहुनु,
- नगरमा निर्मित संरचनाहरुलाई उद्देश्य अनुरुप समयमा नै संचालनमा ल्याउन नसक्नु,
- विभिन्न कार्यक्रम कार्यान्वयन गर्न बनेका कानूनको अक्षरशः पालना गर्न चुनौती देखिनु,
- कार्यक्रम संचालन कार्यविधिमा स्पष्टता नहुनु र बनेका कतिपय कार्यविधि पनि कार्यक्रम कार्यान्वयनका हिसाबले झन्झटिला हुनु, आदि।

८. <u>समस्या समाधानका लागि चाल्नु पर्ने कदमहरु:</u>

- दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति यथा समयमै गर्नु पर्ने,
- कर्मचारी व्यवस्थापनमा ध्यान पुर्याउनु पर्ने,
- बजेटसँगै त्यसलाई कार्यान्वयन गर्ने कार्यविधि समयमै तयार पारी लागू गर्नु पर्ने,
- माथिल्लो तहका सरकारबाट समयमै बजेट निकाशाका पहल गर्नु पर्ने,
- नगरमा रहेका विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको समन्वयलाई प्रभावकारी बनाउनु पर्ने,
- उपभोक्ता सचेतना बढाउने खालका कार्यक्रम संचालन गर्नु पर्ने।

समीक्षा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न नेतृत्व सहित सहभागी हुनु हुने जनप्रतिनिधि ज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछौं।

साथै आ.व. २०८१/०८२ मा यस नगरबाट विनियोजित योजना तथा कार्यक्रमलाई सरल र सहज ढंगले कार्यान्वयन गर्दै तिनलाई समयमै र गुणस्तरीय ढंगले सम्पन्न गर्न सम्बद्ध सबै पक्षबाट सहयोग, सहभागिता र समन्वय प्राप्त हुने विश्वास व्यक्त गर्दछौं।

2081/6/23

जिरी नगरपालिका
जिरी, दोलखा